# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
## सानोठिमी, भक्तपुर

**कक्षा ११ को आंशिक/ग्रेडवृद्धि परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्बन्धी सूचना**

सम्बन्धन प्राप्त माध्यमिक विद्यालय/क्याम्पसमा कक्षा ११ मा अध्ययन गरी ग्रेडिङ्ग पद्धतितर्फ (रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७४ वा ७५ वा ७६ भएका) कुनै विषयमा C वा सो भन्दा तलको ग्रेड प्राप्त गरी ग्रेडवृद्धि परीक्षामा सामेल हुनुपर्ने **(शैक्षिक प्रमाणपत्र नलिएका)** परीक्षार्थीहरु तथा आंशिक (अङ्काङ्कन पद्धति) तर्फका **(रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७१ वा ७२ वा ७३ भएका र हालसम्म कुनै विषयमा उत्तीर्ण हुन नसकेका विद्यार्थीहरू)** परीक्षार्थीहरूले २०७९ सालमा सञ्चालन हुने परीक्षाका लागि २०७८ साल माघ २१ गतेसम्म परीक्षा शुल्क बापतको रकम दाखिला गर्न र सो समयभित्र रकम दाखिला गर्न छुटेका परीक्षार्थीहरूले २०७८ माघ मसान्तभित्र **बिलम्ब शुल्क सहित** रकम बुझाई राष्ट्रिय परीक्षा बोर्डले तोकेको ढाँचामा परीक्षा आवेदन फाराम **भर्नुहुन सूचित गरिन्छ ।** सम्बन्धित विद्यालय/क्याम्पसहरुले विद्यार्थीहरुले भरेको फाराम संकलन गरी रकम बुझाएको बैंक भौचरसहित २०७८ फागुन ७ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयमा आवेदन फाराम बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ ।

१. परीक्षा आवेदन शुल्क (विलम्ब शुल्क रहित) प्रति विद्यार्थी रु. ६००।- (छ सय) विलम्ब शुल्क सहित प्रति विद्यार्थी रु. १२००।- (एक हजार दुई सय) राष्ट्रिय परीक्षा बोर्डको खातामा जम्मा गर्नुपर्ने छ ।

   बोर्डद्वारा वाह्य पर्यवेक्षक खटाई प्रयोगात्मक परीक्षा लिइने प्रयोगात्मक परीक्षाका लागि विद्यार्थीले प्रति विषय रु. ७५।- (पचहत्तर) थप बुझाउनु पर्नेछ । प्रयोगात्मक शुल्क रु. ७५।- (पचहत्तर) मध्ये प्रति विषय रु. २५।- (पच्चिस) का दरले हुने रकम सम्बन्धित विद्यालयमा नै राखी आन्तरिक परीक्षकको पारिश्रमिक वापत उपलव्ध गराउनु पर्ने एवं बाँकी प्रति विषय रु.५०।- (पचास) का दरले हुने रकमको बैंक भौचर राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयको नाममा २०७८ माघ २१ गतेभित्र दाखिला गर्नुपर्नेछ । सो समयभित्र प्रयोगात्मक शुल्क बुझाउन छुट भएका परीक्षार्थीहरूले **बिलम्ब शुल्क सहित** प्रति विषय रू. १५०।- **मध्ये** प्रति विषय **रू. १००।-** का दरले हुने रकम २०७८ माघ मसान्तभित्र बोर्डको खातामा दाखिला गर्नुपर्नेछ । तोकिएको मिति पछि जम्मा गरिएका भौचर राखी बुझाइएका फारामहरू स्वीकृत गरिने छैन । (वाह्य पर्यवेक्षक खटाउने विषयहरु विगत वर्षमा उल्लेख भए बोजिम हुनेछन् ।)

२. जुन अवधि र प्रयोजनका लागि रकम दाखिला गर्न भनिएको हो सो अवधि भित्रको बैंक भौचर सोही प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइनेछ । सो भन्दा फरक मितिको बैंक भौचर स्वीकार गरिने छैन ।

३. विद्यालयले विद्यार्थीहरूको परीक्षा आवेदन फाराम पठाउँदा साल र रजिष्ट्रेशन नम्बरको आधारमा क्रमाङ्क मिलाई पठाउनु पर्नेछ ।

४. ग्रेडवृद्धि/आंशिक परीक्षार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनु पर्नेछ । परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

५. ग्रेडवृद्धि/आंशिक परीक्षार्थीको रूपमा सहभागी हुने परीक्षार्थीहरूले आफु कक्षा १२ को नियमित परीक्षामा जुन विद्यालयबाट आवेदन फाराम भरी परीक्षा दिएको हो सोही विद्यालयबाट मात्र आवेदन फाराम भर्नु/भराउनु पर्नेछ । अन्य विद्यालयबाट भरे/भराएको पाइएमा उक्त परीक्षा आवेदन फाराम रद्द गरिनेछ ।

६. प्रयोगात्मक परीक्षा मात्र बाँकी भएका आंशिक परीक्षार्थीहरूले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भरी बुँदा नं. १ मा उल्लेख गरे अनुसारको शुल्क बुझाउनु पर्नेछ ।

७. राष्ट्रिय परीक्षा बोर्डका कार्यालयहरूले आ-आफ्नो क्षेत्र भित्रका विद्यालय/क्याम्पसहरूलाई सूचनाको जानकारी गराई यसै सूचना अनुसार कार्य सम्पादन गर्नु/गराउनु हुन जानकारी गराइन्छ ।

–परीक्षा नियन्त्रक

२०७८/०९/२८